# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७४ चैत्र ३० गते**

हेफर इन्टरनेशनल नेपालसंगको साझेदारीतामा यस हिमालयन सामुदायिक विकास मञ्च (हिकोडेफ) द्वारा वर्दघाट सुस्ता पूर्व नवलपरासी जिल्लामा संचालन गर्न लागेको साना किसान सवलीकरण परियोजना फेज २ **(Strengthening Smallholder Enterprises of Livestock Value Chain for Poverty Reduction and Economic Growth in Nepal – phase II)** मा कार्य गर्न तल उल्लेखित पदका लागि देहाय बमोजिम योग्यता भएको कर्मचारीको आवश्यकता भएको हुँदा आवश्यक योग्यता पुगेका नेपाली नागरिकहरुबाट तल उल्लेखित मिति र समय भित्र कार्यालयमा आईपुग्ने गरी दरखास्त आव्हान गरिएको छ ।

**१. पद : परियोजना संयोजक (१ जना)**

- आवश्यक योग्यता :
  - मान्यता प्राप्त विश्वविद्यालयबाट ग्रामिण विकास, कृषी तथा पशु विज्ञान, सामाजिक संकाय, अर्थशास्त्र अथवा सम्वन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी ५ वर्षको कार्यानुभव भएको साथै ३ बर्ष सुपरिवेक्षकको भुमिका निर्वाह गरेको हुनु पर्नेछ । परियोजनाको सम्पुर्ण जिम्मेवारी तथा नेतृत्व लिएको कार्यानुभव भएको ।
  - सहकारी विकास, सामाजिक परिचालन तथा सामाजिक पुँजी एवं मुल्य श्रृंखलाको बारेमा नतिजामुखि कार्यानुभव भएको । मानव स्रोत व्यवस्थापन तथा अन्तरव्यक्तिक सिप एवं सम्पर्क समन्वय सिप भएको । सहकारी मार्फत व्यवसायिकता विकास तथा बजारीकरण सम्बन्धि राम्रो ज्ञान भएको ।

**२. पद : सहकारी विकास सहजकर्ता (२ जना)**

- आवश्यक योग्यता :
  - मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा पनि प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित विषयमा ३ वर्षको कार्यानुभव भएको वा स्नातक तह उत्तीर्ण गरी १ बर्षको अनुभव साथै समुदायिक विकासमा काम गर्ने रुची भएको ।
  - समुह परिचालन लगायत समुदाय परिचालन तथा सामाजिक पुँजी निर्माण सम्बन्धि कार्यानुभव भएको । अन्तरव्यक्तिक सिप तथा समुदाय, स्थानीय तथा अन्य सरोकारवालाहरुसंग अन्तर सम्बन्ध विकास गर्न सक्षम ।

**३. अन्य दक्षताहरु (दुवै पदका लागि)**

- पशु तथा कृषी जन्य उत्पादनको बजारीकरण सम्बन्धि ज्ञान भएको ।
- आत्मनिर्भर भई स्वतन्त्ररुपमा कार्य गर्न सक्षम एवं समुदाय विकासका लागि सहकारी मार्फत दुर्गम क्षेत्रमा कार्य गर्ने इच्छा तथा क्षमता भएको ।
- सहकारीको क्षमता अभिबृद्धी बारे राम्रो ज्ञान भएको (संस्थागत, शुसासन तथा आर्थिक व्यवस्थापन) साथै मुल्य श्रृंखला
- मेहनती, इमान्दार तथा मिलनसार ।
- टिम विल्डिंग, विश्लेषण गर्ने क्षमता तथा प्रभावकारी संचारमा राम्रो ज्ञान तथा सिप भएको ।
- समुदाय स्तर तथा सरोकारवालाहरुलाई तालिम संचालन गर्न सक्ने
- इन्टरनेट तथा कम्प्युटर सम्बन्धि आवश्यक ज्ञान तथा सिप तथा रिपोर्ट लेख्न सक्ने क्षमता भएको ।
- मोटर साईकलको लाईसेन्स भएको ।

ईच्छुक माथि उल्लेखित योग्यता पुगेका उम्मेदवारले मिति २०७५ बैशाख ७ गते भित्र कार्यालय समय ५:०० बजे भित्र निवेदन सहित व्यक्तिगत विवरण दिई सक्नु पर्ने छ । ईमेलबाट पनि आफ्नो निवेदन तथा व्यक्तिगत विवरण पेश गर्न सकिने छ । यस पदको लागि वान्छनिय कार्य विवरण यस संस्थाको वेभ साईट www.hicodef.org.np मा पनि हेर्न सकिने छ ।

प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित, मौखिक तथा प्रस्तुतीका लागि बोलाईने छ । प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुले नेपाली नागरिकताको फोटोकपी, व्यक्तिगत विवरण, पासपोर्ट साईजको २ वटा फोटो तथा शैक्षिक योग्यताको प्रमाणपत्रको फोटोकपी र आवश्यक अनुभवको प्रमाणपत्रको प्रतिलिपी सहित उपस्थित हुनु पर्ने छ । अनुभवी, महिला, अपाङ्ग, दलित, जनजाती, स्थानीय तथा उपेक्षित वर्गहरुलाई विशेष प्राथमिकता दिईनेछ । साथै पहिला हेफरको परियोजनामा कार्यरत कर्मचारीलाई विशेष ग्राहायता दिईने छ । रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

**सम्पर्क ठेगाना**

हिमालयन सामुदायिक विकास मँच (हिकोडेफ)
कावासोती नगरपालिका वडा नं. २, शिववस्ति, नवलपरासी
फोन नं ०७८-५४०१७२/५४०२१२
ईमेल : hicodef@ntc.net.np